आज मिति २०८२।०४।१४ गते बिहान ७:३० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. ०१/२०८२।०८३

**मिति :२०८२।०४।१४ गते बिहान ७:३० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

**निर्णय:** मिति २०८२।०३।१३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने /गराउने निर्णय गरियो ।

२. **आ.व. २०८१।०८२ को आय व्यय सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ मा आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ८१.७९ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ७०.५८ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो । साथै आन्तरिक राजश्व तर्फ ७ करोड ११ लाख ५६ हजार ६ सय ६५ रुपैयाँ पैसा सात मात्र यस आर्थिक बर्षमा संकलन भएको जानकारी प्राप्त भयो ।

३. **आ.व. २०८१।०८२ को बार्षिक प्रगति समिक्षा सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाले वार्षिक प्रगति समीक्षालाई संस्थागत गर्न यस नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरू तथा वडा कार्यालयहरूबाट आ.व. २०८१।०८२ सालमा सञ्चालन भएका योजना/कार्यक्रमहरूको बार्षिक समिक्षा देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

क) मितिः २०८२।०४।२१ गते, बुधबार

ख) समयः ११:०० बजे देखि

ग) स्थानः बहुउद्देश्यीय सभाहल, हनुमानचोक, बुडढी, कपिलवस्तु ।

४. **लागत सहभागिताको योजना माग सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको सत्रौं नगर सभाको बार्षिक योजना पुस्तिकामा लागत सहभगिता कार्यक्रमको लागि बजेटको सुनिश्चिता भएकोले लागत सहभागिता (५०:५०, ६०:४०, ७०:३०) र अन्य संघसंस्था/निकाय/समुदायसँग साझेदारी कार्यक्रमका लागि योजना तथा कार्यक्रमहरूको प्रस्ताव माग गर्न २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

बासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

५. **भू-उपयोग कित्तागत विवरण राजपत्रमा प्रकाशन सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको भू-उपयोग परिषदबाट निम्न विषयहरू सिफारिस भई आएको नापी कार्यालय, तौलिहवाबाट प्राप्त वर्गिकृत कित्तागत विवरणहरूलाई स्वीकृत गरी बुद्धभूमि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिलः

- फाइल नक्सामा रहेका कित्ताहरूको कित्तागत विवरण उल्लेख नभएमा मुल कित्ताकै वर्गीकरणमा रहने ।
- कतिपय कित्ताहरू अद्यावधिक नभएको हकमा साविक कित्ताकै क्षेत्रमा कायम गर्ने ।
- उपलब्ध नक्सा तथा डाटामा त्रुटी भएमा वा छुट हुन गएमा भुल सुधार गरी यस अघि प्रमाणित भू-उपयोग नक्सा अनुसारकै क्षेत्रमा वर्गीकृत हुने ।
- सम्पूर्ण गाउँब्लक भित्रका कित्ताहरू आवसीय क्षेत्रमा वर्गीकरणमा रहने ।
- सरकारी /सार्वजनिक जग्गाको फरक वर्गीकरण भएमा सार्वजनिक क्षेत्र वर्गीकरणमा नै सुधार हुने ।
- व्यक्ति विशेषको जग्गा सार्वजनिक क्षेत्रमा वर्गीकृत हुन गएको भेटिएमा प्रमाणका आधारमा नियमानुसार सुधार गर्न सकिने ।
- भू-उपयोग परिषदबाट कित्तागत जग्गा वर्गीकरणमा उल्लेखित कित्ताको क्षेत्रफल अनुसार एकलदर/ बहुदरमा सम्पत्ति कर असुल गर्ने ।

६. **विविध ।**

**क) कानूनी सल्लाहकारलाई अख्तियारी सम्बन्धमा ।**

**निर्णयः** निवेदक श्री शाही पोखरेल कन्ट्रक्सन प्रा.लि.का प्रोपाइटर प्रमोद पोखरेल विपक्षी बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय समेत भएको सम्बत् २०८१-WO- ०३१५ को उत्प्रेषण परमादेश समेत मुद्दामा बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... १ ऐ. नगरपालिकाका नगर प्रमुख ....... १ ऐ. नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेतको तर्फदेखि सम्मानित तुलसीपुर उच्च अदालत, बुटवल इजलासमा उपस्थित भई लिखित जवाफ पेश गरी बहस पैरवी समेत गर्ने गरी यस नगरपालिकाका कानूनी सल्लाहकार श्री कृष्ण बन्जाडे प्र.प.स.नं. ७९७४ लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ख) कार्यालयका सवारी साधन मर्मत /लिलाम सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको नाममा रहेको ग्रेडर मर्मत गर्नको लागि इस्टिमेट माग गरी मर्मत गर्न र जिन्सी निरीक्षण प्रतिवेदनबाट लिलाम गर्नुपर्ने भनी उल्लेख भएका जिन्सी सामाग्रीहरूलाई जिन्सी शाखाबाट लिलाम गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

बासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**ग) मेड्पा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

**निर्णय:** बुद्धभूमि नगरपालिकामा आ.व. २०८२।०८३ मा स्वीकृत बार्षिक बजेटमा शसर्त तर्फ मेड्पा कार्यक्रम सञ्चालनको लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ३ अनुसार सेवा प्रदायक संस्था नियमानुसार छनौट गरी कार्यक्रम सञ्चालन गर्न कार्यालयलाई स्वीकृती दिने निर्णय गरियो ।

**घ) नागरिक आरोग्य केन्द्र स्थानन्तरण सम्बन्धमा ।**

**निर्णय:** बुद्धभूमि नगरपालिका वडा नं. ९, इमिलियामा सञ्चालित नागरिक आरोग्य केन्द्रलाई बरकलपुर स्वास्थ्य चौकीमा स्थानन्तरण गरी सेवा प्रवाह गर्ने र हाल उक्त केन्द्र रहेको भवनमा अस्थायी प्रहरी पोष्ट स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय मार्फत गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**ङ) फोहोर व्यवस्थापनको लागि IEE गर्ने सम्बन्धमा ।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाको वडा नं. १, भृकुटी सामुदायिक वन क्षेत्रभित्र गोरूसिगें अर्घाखाँची सडकसँग जोडिएको स्थानमा फोहोरमैला व्यवस्थापन भई रहेकोमा उक्त ल्याण्डफिल्ड साइड सडकको नजिक तथा थप फोहोरमैला व्यवस्थापन गर्नको लागि स्थान अभाव र समस्या देखिएकोले उक्त स्थानको विकल्प महेन्द्र राजमार्गदेखि दक्षिण, कुन्द्रा खोलाको पूर्व तिलौराकोट साझेदारी वन क्षेत्र भित्र पर्ने स्थान उपयुक्त देखिएकोले उक्त स्थानमा ल्याण्डफिल्ड साइड स्थापनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्न नियमानुसार परामर्शदाता छनौट गर्न कार्यालयलाई निर्देशन दिने साथै उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न लाग्ने खर्च आ.व. २०८२।०८३ मा विनियोजन भएको खर्च शिर्षक २२४११ सेवा र परामर्शबाट भुक्तानी दिने निर्णय गरियो ।

बासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

२०८२।०५।१४
नगर प्रमुख